नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

# वाणिज्य नीति, २०८१

# कार्यान्वयन कार्ययोजना

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार

# वाणिज्य नीति, २०८१ को कार्यान्वयन कार्ययोजना

वाणिज्य नीति, २०८१ मा उल्लिखित रणनीति एवं कार्यनीति मध्ये नियमित बजेटबाट कार्यान्वयन हुन सक्ने प्रकृतिका रणनीति एवं कार्यनीतिहरूलाई तीनै तहले आआफ्नो कार्यविभाजन एवम् कार्यक्षेत्र अनुसार सम्बन्धित सबै निकायले आफ्नो वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। नीति कार्यान्वयनका लागि कार्ययोजनामा उल्लिखित जिम्मेवार निकाय तथा सहयोगी निकायका सम्बन्धमा निम्न बमोजिम नीतिगत व्यवस्था गरिएको छ।

१) कार्ययोजनामा तोकिएका कार्यनीति कार्यान्वयनका लागि तोकिएका जिम्मेवार निकायले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कार्यान्वयनयोग्य क्रियाकलापहरू पहिचान गरी वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेछ।

२) प्रदेश सरकार र स्थानीय तहको कार्ययोजनामा तोकिएको जिम्मेवारी, भूमिका एवं सहयोगी भूमिकाका अतिरिक्त अग्र तथा पृष्ठ सम्बन्ध कायम गर्ने गरी कार्यनीति कार्यान्वयनमा समन्वयकारी तथा सक्रिय भूमिका रहनेछ।

३) नीति कार्यान्वयनको जिम्मेवारी सामान्यतया नेतृत्वदायी मन्त्रालय तथा निकायमा रहने गरी यो कार्ययोजनामा समेटिएकोमा सम्बन्धित निकाय मातहत रहेका विभाग, कार्यालय, परिषद्, बोर्ड, निकाय, केन्द्र लगायतका संस्थागत संरचनाको भूमिका पहिचान गरी कार्यान्वयन हुने अपेक्षा गरिएको छ।

४) वाणिज्य नीतिसँग अन्तरसम्बन्धित नीतिहरू कार्यान्वयन गर्दा यो नीति तथा कार्ययोजनामा सकारात्मक योगदान पुग्ने गरी सम्बन्धित मन्त्रालयहरूको भूमिका रहने अपेक्षा गरिएको छ।

५) कार्ययोजनामा उल्लिखित जिम्मेवारी तोकिएको "निजी क्षेत्र" ले निजी क्षेत्रका उद्यमी तथा व्यवसायी र तिनीहरूका छाता संस्थाहरूमार्फत कार्यान्वयन हुने अपेक्षा गरिएको छ ।

६) सम्बन्धित मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तह र निजी क्षेत्रबाट नीति कार्यान्वयनको प्रगति प्रतिवेदन तथा आवश्यक सुझावहरू नियमित रूपमा प्राप्त हुने अपेक्षा गरिएको छ।

७) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले अन्तरसम्बन्धित मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तह साथै निजी क्षेत्रले नीति तथा नीतिको कार्यान्वयनमा आवश्यक सहयोग, समन्वय तथा बाधा व्यवधान भएमा हटाउन आवश्यक सहजीकरण गर्नेछ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मिति २०८१/१२/०१ मा अन्तर मन्त्रालय तथा अन्तर निकाय समन्वय गरी कार्ययोजना तयार गर्न गठित कार्यदलले तयार गरेको प्रतिवेदन उपर निजी क्षेत्रका छाता संस्थाहरूसँग राय सुझाव माग तथा अन्तरमन्त्रालय राय सुझाव समेतलाई समावेश गरी मिति २०८३/०३/०४ को नेपाल सरकार (माननीय मन्त्रीस्तर) को निर्णय बमोजिम यो कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

| क्र.श. | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका वस्तुको उत्पादन बढाई निर्यात वृद्धि गर्ने । | | | | |
| १ | नेपाल व्यापार एकीकृत रणनीति, २०८० ले पहिचान गरेका निर्यात सम्भावना भएका वस्तुहरूको उत्पादन र त्यस्ता उत्पादनको निकासी प्रवर्द्धनको लागि निर्दिष्ट कार्यक्रमको कार्यान्वयन गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, परराष्ट्र मन्त्रालय | निरन्तर | निकासी प्रवर्द्धनको लागि निर्दिष्ट कार्यक्रमहरूको कार्यान्वयन भएको हुने । |
| २ | व्यापार पूर्वाधारका रूपमा प्रशोधन इकाई, सुविधा सम्पन्न गोदाम घर, शीत् भण्डार, गुणस्तर परीक्षण ल्याब, क्वारेन्टाइन सुविधाको स्तरवृद्धि तथा विस्तार गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय, नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड | अर्थ मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | निकासी प्रवर्द्धन गर्न आवश्यक पूर्वाधारहरूको व्यवस्थापन भएको हुने । |
| ३ | नेपाली वस्तुहरुको प्रवर्द्धन गर्न राष्ट्रिय र अन्तराष्ट्रिय व्यापार मेलाहरु आयोजना गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, निजी क्षेत्र | निरन्तर | हरेक वर्ष कम्तिमा एक पटक अन्तराष्ट्रिय व्यापार मेला आयोजना भएको हुने । हरेक वर्ष ५ वटा अन्तराष्ट्रिय व्यापार मेलामा नेपाली |

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | उद्यमी सहभागी भएका हुने । |
| ४ | आवश्यकताका आधारमा उद्यमशिलता तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने । | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, बुटवल टेक्निकल इन्स्टिच्युट | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, तालिम प्रदायक संस्थाहरू, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | संघ तथा प्रदेशस्तरमा उद्यमशीलता तथा क्षमता विकासका कार्यक्रम सञ्चालन भएको हुने । |
| ५ | वढी मूल्य र न्यून आयतन भएका थप वस्तुको पहिचान एवं प्राथामिकीकरण गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कृषि, वन तथा पर्यावरण मन्त्रालय, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, निजी क्षेत्र | निरन्तर | थप वस्तुको पहिचान तथा छनौट भएको हुने । |
| ६ | निर्यात सम्भाव्य वस्तुको विकास गर्न सहुलियत, प्रोत्साहन तथा गुणस्तर सुधार कार्यक्रम सञ्चालन गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | अर्थ मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | २०८४ | निर्यात सम्भाव्य वस्तुको उत्पादन तथा गुणस्तरमा सुधार भएको हुने । |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | तुलनात्मक रूपमा बढी मूल्य र न्यून आयतन भएका वस्तुको निर्यात प्रवर्द्धनका लागि भौगोलिक सांकेतीकरण, अर्गानिक प्रामाणीकरण, गुणस्तर प्रमाणीकरणका कार्यहरूमा सहजीकरण तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने । Aggressive Marketing का लागि डिजिटल सामग्री तयार गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, निजी क्षेत्र | प्रदेश सरकार, स्थानीय तह | २०८४ | बढी मूल्य र न्यून आयतन भएका वस्तुको निर्यातमा वृद्धि भएको हुने । |
| ८ | औद्योगिक क्षेत्रमा प्रयोग हुने मेसीनरी तथा उपकरणहरूको आयातमा कर छुट तथा भन्सार महसुलमा सहुलियत प्रदान गर्ने । | अर्थ मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | औद्योगिक मेसिनरी तथा उपकरणहरूको आयातमा वृद्धि भएको हुने । |
| ९ | मागका आधारमा लागत साझेदारी गरी प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्ने । | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, तालिम प्रदायक संघसंस्थाहरू | निरन्तर | वार्षिक न्यूनतम् १० वटा प्रविधि हस्तान्तरणका कार्यक्रमहरू सञ्चालन भएको हुने । |

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | पहिचान भएका निकासीयोग्य वस्तुको अनुसन्धान र विकास गर्न प्राज्ञिक तथा अनुसन्धानमूलक संस्थासँग साझेदारी गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, विश्वविद्यालय, अनुसन्धान मूलक संघसंस्थाहरू | निरन्तर | निकासीयोग्य वस्तुको अनुसन्धान तथा विकास भएको हुने । |
| १४ | वस्तु तथा सेवाको उत्पादन तथा व्यापार लागत कम गर्न अन्तर्राष्ट्रिय व्यापारको क्षेत्रमा प्रयोग भएका आर्टिफिसियल ईन्टेलिजेन्स, ब्लकचेन, BIG DATA, डिजिटल ट्रेड, ट्र्याकिङ, ट्रेसिङ लगायतका नविनतम उपायहरु अवलम्बन गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, नीजि क्षेत्र | अर्थ मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद्, उद्योग विभाग, विश्वविद्यालय/प्राज्ञिक संस्थाहरू | निरन्तर | नविन प्रविधिको प्रयोगमा वृद्धि भई वस्तु तथा सेवाको उत्पादन तथा व्यापार लागत कम भएको हुने। |
| | **निर्यातमूलक उद्योगहरूको लागि प्रदान गरिने प्रोत्साहन तथा छुटलाई विश्व व्यापार सङ्गठनको नियमानुसार व्यवस्थित गर्ने ।** | | | | |
| १५ | निर्यातमूलक उद्योगलाई प्रोत्साहन उपलब्ध गराउन उत्पादनमा आधारित प्रोत्साहन उपलब्ध गराउने कार्यविधि तयार गरी लागू गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | अर्थ मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, निजी क्षेत्र | २०८३ | निर्यातमुखी उद्योगहरूलाई दिइने घरेलु सहायतका उपायहरु व्यवस्थित भएको हुने। |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| १० | औद्योगिक क्षेत्रका कामदारको Skill gap तथा Skill Mismatch पहिचान गरी सो बमोजिमका आधुनिक उत्पादन, प्रविधि र गुणस्तर सम्बन्धी दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, निजी क्षेत्र | कृषि, वन तथा पर्यावरण मन्त्रालय, युवा, श्रम तथा रोजगार मन्त्रालय, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, तालिम प्रदायक संस्थाहरू | निरन्तर | हरेक प्रदेशमा कम्तिमा २ वटाका दरले दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन भएको हुने । |
| ११ | निकासीजन्य उद्योगलाई चाहिने कच्चा एवं अर्ध प्रशोधित वस्तु उपलब्ध गराउने उद्योगलाई उत्पादनमा आधारित प्रोत्साहन उपलब्ध गराउने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय | २०८३ | निकासीजन्य उद्योगलाई चाहिने कच्चा एवं अर्धप्रशोधित वस्तु उपलब्ध गराउने प्रकृतिका उद्योगहरू (Ancillary Industries) स्थापना भएको हुने । |
| १२ | निकासीजन्य उद्योगलाई चाहिने कच्चा एवं अर्धप्रशोधित वस्तु उपलब्ध गराउने प्रकृतिका उद्योगहरूको लागि औद्योगिक क्षेत्रहरू भित्र प्राथमिकता सहित छुट्टै प्लटसहितको स्थान निर्धारण गर्ने । | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०८३ | अर्धप्रशोधित वस्तु उपलब्ध गराउने प्रकृतिका उद्योगहरूको लागि प्लटसहितको स्थान निर्धारण भएको हुने । |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | निर्यातजन्य केही वस्तुहरूको उत्पादन वृद्धि तथा प्रविधि हस्तान्तरणका लागि परियोजना प्रस्ताव तर्जुमा गरी Enhanced Integrated Framework मा पेश गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय | निरन्तर | कम्तीमा दुइ वटा परियोजना प्रस्ताव स्वीकृत भई कार्यान्वयन भएको हुने । |
| १७ | घरेलु, साना तथा मझौला उद्योगहरूको उत्पादन वृद्धि गर्ने गरि निर्यातमूलक प्रोत्साहन तथा सहुलियतका कार्यक्रमहरू सञ्चालन गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय, प्रदेश सरकार | निरन्तर | सात वटै प्रदेशमा सहुलियत तथा प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन भएको हुने । |
| | **सूचना प्रविधिको विकास र अधिकतम प्रयोग गर्दै विद्युतीय व्यापार (ई-कमर्स), डिजिटल व्यापारको विकास तथा प्रवर्द्धन गर्ने ।** | | | | |
| १८ | सूचना प्रविधिमा आधारित व्यवसायलाई उच्च प्राथमिकता दिने कानूनी व्यवस्था कार्यान्वयनमा ल्याउने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंक, निजी क्षेत्र | २०८४ | नयाँ कानून तर्जुमा वा संसोधन भई कार्यान्वयन भएको हुने। |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | सूचना प्रविधिमा आधारित सेवा निर्यात गर्ने व्यवसायलाई तेस्रो मुलुकमा कार्यालय स्थापना गर्न र सफ्टवेयर वा प्रोग्राम खरिद तथा उपकरण जडान गर्न विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराउने । | नेपाल राष्ट्र बैंक | अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय | निरन्तर | विदेशी मुद्रा सटही सुविधा उपलब्ध भएको हुने। |
| | **विकासशील राष्ट्रमा स्तरोन्नति पश्चात् अन्तर्राष्ट्रिय व्यापारमा आउने चुनौतीको सामना तथा अवसरको उपयोग गर्ने क्षमता अभिवृद्धि गर्ने ।** | | | | |
| २० | एन्टिडम्पिङ्ग, काउन्टरभेलिङ्ग र सेफगार्डस सम्बन्धमा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय | निरन्तर | एन्टिडम्पिङ्ग, काउन्टरभेलिङ्ग र सेफगार्डस सम्बन्धमा क्षमता अभिवृद्धि भएको हुने। |
| २१ | सबै मन्त्रालय तथा निकायबाट उपलब्ध अन्तर्राष्ट्रिय व्यापारका तथ्याङ्कहरू एकीकृत गरी केन्द्रीय डिजिटल तथ्याङ्क प्रणालीको विकास गरी नियमित अद्यावधिक गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय योजना आयोग | २०८४ | एकिकृत तथ्याङ्क प्रणालीको विकास भएको हुने । |

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | अन्तर्राष्ट्रिय व्यापारका समसामयिक तथ्यांक तथा सूचनाहरू संकलन गरी ट्रेड इन्फरमेशन पोर्टलको सुदृढिकरण गर्ने । | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक | निरन्तर | सूचनाहरू संकलन एवं पोर्टलमा प्रविष्टि भएको हुने । |
| २३ | ट्रेड इन्फरमेशन पोर्टल प्रयोगकर्ता तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन एवं प्रचार-प्रसार गर्ने । | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक | निरन्तर | ट्रेड इन्फरमेशन पोर्टलको प्रचार-प्रसार तथा क्षमता विकास भएको हुने । |
| २४ | वाणिज्य क्षेत्रका विषयवस्तु समावेश गरी पाठ्यक्रम तयार गर्ने। | विश्वविद्यालयहरु, विद्यालयहरू | शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०८४ | वाणिज्य क्षेत्रका विषयवस्तु पाठ्यक्रममा समावेश भएको हुने। |
| | **वस्तु तथा सेवाको गुणस्तरयुक्त उत्पादन र उपयोगका विभिन्न उपायहरू अवलम्बन गर्ने ।** | | | | |
| २५ | बजार अनुगमन, उत्पादन गुणस्तर परीक्षण, लेबलिङ, सुरक्षा पालना जस्ता पक्षहरूमा नियमित अनुगमन तथा निरीक्षण गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कृषि, वन तथा पर्यावरण मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | निरन्तर | वस्तु तथा सेवाको गुणस्तर परीक्षण भएको हुने । |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | विद्यमान मापदण्डको समीक्षा, अन्तर्राष्ट्रिय मानक सँग तुलनात्मक अध्ययन गरी आवश्यक संशोधन तथा अद्यावधिक गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल प्रत्यायन केन्द्र | कृषि, वन तथा पर्यावरण मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | २०८३ | गुणस्तरसम्बन्धी मापदण्डहरूको संशोधन तथा अद्यावधिक भएको हुने । |
| २७ | गुणस्तर परीक्षण र प्रमाणीकरण केन्द्रहरूलाई सुदृढ बनाउने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कृषि मन्त्रालय , | अर्थ मन्त्रालय | २०८३ | गुणस्तर परीक्षण र प्रमाणीकरणमा थप सुधार भएको हुने । |
| २८ | गुणस्तरयुक्त वस्तु तथा सेवाको उत्पादन र उपयोगका लागि नियमित रूपमा बजार निरीक्षण र अनुगमन गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | गृह मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | निरन्तर अनुगमन तथा पृष्ठपोषण प्राप्त भएको हुने । |
| २९ | अनुगमन गर्ने निकायहरू तथा प्रमाणीकरण प्रणालीको क्षमता विकासका लागि कार्यक्रम सञ्चालन गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कृषि, वन तथा पर्यावरण मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | अनुगमन गर्ने निकाय तथा प्रमाणीकरण प्रणालीको क्षमता विकास भएको हुने । |
| ३० | वस्तु तथा सेवाको गुणस्तर अभिवृद्धिका लागि कानूनी तथा संस्थागत सुधार गर्न अन्तर्राष्ट्रिय सहयोग परिचालन गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय | परराष्ट्र मन्त्रालय | निरन्तर | वस्तु तथा सेवाको गुणस्तर वृद्धि भएको हुने। |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | प्रदेश तथा स्थानीय तहहरूको समन्वयमा उपभोक्ता सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने । | नेपाल गुणस्तर तथा नापतौल विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र | निरन्तर | उपभोक्ता सचेतनामा अभिवृद्धि भएको हुने। |
| | **स्वदेशी वस्तु तथा सेवाको उत्पादन र उपभोग अभिवृद्धि गरी निर्यातको आधार तयार गर्ने ।** | | | | |
| ३२ | आयात प्रतिस्थापन योग्य वस्तुहरूको उत्पादकलाई प्रविधि, पूर्वाधार तथा प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र | निरन्तर | आयात प्रतिस्थापन योग्य औद्योगिक, कृषि तथा वनजन्य वस्तुको उत्पादन वृद्धि भएको हुने । |
| ३३ | मेक इन नेपाल (Make in Nepal) मेड इन नेपाल (Made in Nepal) नेपाल ब्रान्ड प्रमोशनका लागि अन्तर्राष्ट्रिय व्यापार मेलाहरू र प्रदर्शनी कार्यक्रमहरूमा सहभागीता जनाउने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, परराष्ट्र मन्त्रालय, निजी क्षेत्र | कृषि, वन तथा पर्यावरण मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, | निरन्तर | "मेक इन नेपाल" र "मेड इन नेपाल" अभियान मार्फत बजार प्रवर्द्धन भएको हुने। |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ३४ | व्यवसाय तथा उत्पादन सम्बन्धी तालिम, प्रविधि हस्तान्तरण र उद्यमशिलता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने । | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | क्षमता विकास तथा बुझाइमा एकरूपता भएको हुने । |
| ३५ | खानी तथा खनिजको भौगर्भिक सर्वेक्षण, अध्ययन तथा सम्भाव्यता मूल्यांकन गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | वन तथा वातावरण मन्त्रालय | निरन्तर | खनिज पदार्थको अवस्थिति, परिमाण तथा लाभ लागतको बारेमा जानकारी भएको हुने । |
| ३६ | खनिज उत्खनन् तथा प्रशोधन उद्योगलाई प्रविधि तथा पूर्वाधार निर्माणमा सहयोग प्रदान गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | वन तथा वातावरण मन्त्रालय | २०८४ | खानी तथा खनिज वस्तुको व्यावसायिक उत्खनन्, प्रशोधन र उत्पादन अभिवृद्धि भएको हुने । |
| ३७ | कृषि, वन तथा अन्य प्रकृतिजन्य वस्तुहरू र पकेट क्षेत्र तथा उत्पादन क्लस्टरको पहिचान र नक्साङ्कन गर्ने । | कृषि, वन तथा पर्यावरण मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | २०८३ | कृषि, वन तथा अन्य वस्तुको आपूर्ति शृङ्खला विकास भएको हुने। |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ३८ | उपलब्ध भएसम्म सबै सार्वजनिक निकायहरूमा नेपाली वस्तुको प्रयोग अनिवार्य गर्ने । | सबै मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय तह | सार्वजनिक खरिद अनुगमन कार्यालय, महालेखा नियन्त्रकको कार्यालय | निरन्तर | सार्वजनिक निकायमा न्यूनतम ३०% स्वदेशी वस्तुको उपयोग भएको हुने। |
| ३९ | आयात प्रतिस्थापन गर्न सकिने सम्भाव्य वस्तुको विवरण तयार गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | २०८३ | सम्भाव्य वस्तुको विवरण तयार भएको हुने। |
| ४० | भन्सार विन्दुहरूमा क्वारेन्टिनको लागि होल्डिङ यार्ड निर्माण तथा आवश्यक उपकरणको व्यवस्था गर्ने । | कृषि, वन तथा पर्यावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | अर्थ मन्त्रालय | २०८३ | जोखिम विश्लेषण तथा क्वारेन्टाइन जाँचलगायतका उपाय प्रभावकारी भएको हुने। |
| ४१ | साना, मझौला तथा ठूला उद्योगहरू बिच वस्तुहरूको प्रयोगमा मूल्य श्रृंखला कायम गर्ने । | कृषि, वन तथा पर्यावरण मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | मूल्य श्रृंङ्खला प्रवर्द्धन भएको हुने। |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ४२ | देशगत तथा वस्तुगत रूपमा निर्यात सम्भावना भएका वस्तु तथा सेवाको सम्भाव्यता अध्ययन र प्राथमिकता निर्धारण गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, व्यापार निकासी तथा प्रवर्द्धन केन्द्र | कृषि, वन तथा पर्यावरण मन्त्रालय, परराष्ट्र मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २०८३ | निर्यात सम्भावना भएका वस्तु तथा सेवाको पहिचान भएको हुने । |
| ४३ | देशगत तथा वस्तुगत रूपमा निर्यात सम्भावनाका लागि पहिचान गरिएका वस्तु तथा सेवाको प्रवर्द्धन र बजार विस्तार गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, व्यापार निकासी तथा प्रवर्द्धन केन्द्र | कृषि, वन तथा पर्यावरण मन्त्रालय, परराष्ट्र मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | निरन्तर | निर्यात सम्भावना भएका वस्तु तथा सेवाको निर्यात विविधिकरण भएको हुने । |
| ४४ | सेवा निर्यातको सम्भाव्यता अध्ययन तथा क्षेत्रहरू पहिचान गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, व्यापार निकासी तथा प्रवर्द्धन केन्द्र | सूचना तथा सञ्चार मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, युवा, श्रम तथा रोजगार मन्त्रालय, नेपाल राष्ट्र बैंक | २०८३ | सेवा क्षेत्र तथा उपक्षेत्रको पहिचान, भएको हुने। |
| ४५ | सेवा क्षेत्रको क्षमता अभिवृद्धि तथा बजार प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, व्यापार निकासी तथा प्रवर्द्धन केन्द्र | सूचना तथा सञ्चार मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, युवा, श्रम तथा रोजगार मन्त्रालय | निरन्तर | निर्यात सम्भावना भएका सेवाका क्षेत्र तथा उपक्षेत्रको विकास र प्रवर्द्धन भएको हुने । |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ४६ | विशिष्ट पहिचान भएका वस्तुको प्रशोधन, ब्रान्डिङ तथा अन्तर्राष्ट्रिय बजार पहुँच विस्तार गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, व्यापार निकासी तथा प्रवर्द्धन केन्द्र | कृषि, वन तथा पर्यावरण मन्त्रालय, परराष्ट्र मन्त्रालय | निरन्तर | विशिष्ट पहिचान भएका वस्तुको निर्यात वृद्धि भएको हुने । |
| | **स्वदेशी उद्योगको संरक्षण एवं निर्यात प्रवर्द्धनको लागि प्रचलित कानून, विश्व व्यापार सङ्गठन र अन्य नेपाल पक्ष भएका व्यापार सम्झौताअनुरूप दरबन्दी र दर कायम गर्ने गरी प्रबन्ध मिलाउन।** | | | | |
| ४७ | नेपालले विश्वव्यापार सङ्गठनको सदस्यता लिंदा प्रतिबद्धता गरेको भन्सारको उच्च सीमा दर (Bound Rate) र हाल प्रयोगमा रहेको दर (Applied Rate) को अध्ययन गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय | २०८३ | भन्सारको उच्च सीमा दर (Bound Rate) र हाल प्रयोगमा रहेको दर (Applied Rate) को अवस्था र प्रभाव सम्बन्धमा जानकारी भएको हुने । |
| ४८ | भन्सारका दरहरू समायोजन गरी व्यापार अनुकूल बनाउने । | अर्थ मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०८३ | भन्सारका दरहरु व्यापार अनुकूलन भएको हुने। |
| | **आयातलाई समग्र व्यापार प्रणालीको अनुकूल बनाउने गरी व्यवस्थापन गर्न गैरभन्सार उपायहरूको समुचित प्रयोग गर्न ।** | | | | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ४९ | विलासी तथा प्रतिस्थापनयोग्य वस्तुहरूको आयातमा व्यापारका प्राविधिक अवरोध (टि.बि.टि.) मापदण्ड, स्वच्छता र वनस्पति स्वच्छता (एस.पि.एस.) मापदण्ड, आयात इजाजतपत्र, कोटा तथा पूर्वअनुमति प्रणाली लागू गरी अनावश्यक आयात नियन्त्रण गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय | कृषि, वन तथा पर्यावरण मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | २०८३ र निरन्तर | गैर भन्सारजन्य उपायहरूको अवलम्बन भएको हुने। |
| ५० | विश्व व्यापार सङ्गठनको अनुकूल हुने गरी व्यापारका प्राविधिक अवरोध (टि.वि.टि.) मापदण्ड, स्वच्छता र वनस्पति स्वच्छता (एस.पि.एस.) मापदण्ड बमोजिम प्राविधिक नियमन तथा अनुरूपता मूल्याङ्कन प्रक्रिया (Confirmity Assesment Procedure) लागू गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्राल, कृषि, वन तथा पर्यावरण मन्त्रालय, गुणस्तर तथा नापतौल विभाग, भन्सार विभाग | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | २०८५ | प्राविधिक नियमन तथा अनुरूपता मूल्याङ्कन प्रक्रिया लागू भएको हुने। |
| | **विकासशील राष्ट्रमा स्तरोन्नति पश्चात् निर्यात व्यापारमा पर्ने असरको न्यूनीकरण गर्ने ।** | | | | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ५१ | विकास साझेदारबाट प्राप्त आर्थिक तथा प्राविधिक सहायतालाई निर्यात सम्भावना भएका वस्तुको उत्पादन वृद्धि, प्रविधि हस्तान्तरण, सीप विकास र उत्पादकत्व अभिवृद्धि कार्यक्रमसँग एकीकृत गरी लक्षित रूपमा परिचालन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, व्यापार निकासी तथा प्रवर्द्धन केन्द्र, राष्ट्रिय योजना आयोग | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय | निरन्तर | आर्थिक तथा प्राविधिक सहायता परिचालन भएको हुने। |
| ५२ | विश्व व्यापार सङ्गठन, साफ्टालगायतका बहुपक्षीय तथा क्षेत्रीय व्यापार संगठनहरू सँग विकासशील मुलुकमा स्तरोन्नतिपश्चात् हाल प्राप्त व्यापारजन्य सहुलियत तथा सुविधाको निरन्तरताको लागि वार्ता गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय | २०८३ | कार्यदल गठन भई आवश्यक पहल तथा वार्ता भएको हुने । |
| ५३ | विद्यमान द्विपक्षीय तथा बहुपक्षीय सन्धि सम्झौताको समीक्षा एवं पूनरावलोकन गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय | निरन्तर | विद्यमान सन्धि सम्झौताको पुनरावलोकन भएको हुने। |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ५४ | निर्यातजन्य वस्तु निर्यातकर्ताहरुको समन्वयमा लक्षित बजारमा पँहुच विस्तार गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | परराष्ट्र मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय | निरन्तर | बजार पहुँचलगायतका सुविधाको अधिकतम उपयोग भएको हुने। |
| ५५ | युरोपेली युनियनको GSP+ स्किममा सहभागीताका लागि श्रम, मानव अधिकार र वातावरण सँग सम्वन्धित विषयका सन्धि तथा प्रोटोकलहरूको अध्ययन गर्ने । | युवा, श्रम तथा रोजगार मन्त्रालय, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०८३ | अध्ययन भई प्रतिवेदन पेश भएको हुने । |
| ५६ | प्रमुख निर्यात गन्तव्य मुलुकहरूसँग प्राथमिकता प्राप्त बजार पहुँच सुनिश्चित गर्न द्विपक्षीय व्यापार वार्ता, समझदारी पत्र वा पि.टि.ए. जस्ता सम्झौताका कार्यहरू अघि बढाउने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, | अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदिय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय | निरन्तर | प्रमुख निर्यात गन्तव्य मुलुकहरुमा नेपाली वस्तुको सहज पहूँच प्राप्त भएको हुने । |
| ५७ | उत्पत्तिको प्रमाणपत्र प्रक्रियालाई सरल, पारदर्शी बनाउँदै डिजिटल प्रणालीमार्फत जारी गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | भन्सार विभाग, निजी क्षेत्र | २०८३ | उत्पत्तिको प्रमाणपत्र डिजिटल प्रणालीमार्फत जारी भएको हुने। |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ५८ | क्षेत्रीय तथा अन्तराष्ट्रिय मूल्य श्रृंखलामा आवद्ध हुन निजी क्षेत्रलाई प्रविधि हस्तान्तरण, वित्तिय सहजिकरण तथा बजार पहुँचमार्फत प्रोत्साहित गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, निजी क्षेत्र | कृषि, वन तथा पर्यावरण मन्त्रालय, विश्वविद्यालय, प्राज्ञिक संस्थाहरू | निरन्तर | क्षेत्रीय तथा अन्तराष्ट्रियमूल्य शृङ्खलामा नेपाली बस्तुहरु आवद्ध भएको हुने। । |
| ५९ | अतिकम विकसित मुलुकबाट स्तरोन्नतीउन्मुख र हालै स्तरोन्नति भएका मुलुकसँग सहकार्य अनुभव आदानप्रदानका लागि सम्मेलन, कार्यशाला, भ्रमण कार्यक्रम सञ्चालन गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग | निरन्तर | अतिकम विकसित मुलुकबाट स्तरोन्नति उन्मुख र हालै स्तरोन्नति भएका मुलुकसँग सहकार्य तथा अनुभव आदानप्रदान भएको हुने। |
| | **व्यापारसँग अन्तरसम्बन्धित क्षेत्रहरू व्यापार र वातावरण, व्यापार र लैङ्गिकताजस्ता सवालहरूलाई समेत समेटी व्यापार मूलप्रवाहीकरण गर्ने ।** | | | | |
| ६० | व्यापार र वातावरण सम्वन्धी मुद्दाहरूमा विश्व व्यापार संगठन तथा अन्य व्यापार-सम्वद्ध अन्तर्राष्ट्रिय निकायहरूसँग नियमित समन्वय र सहकार्य गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | परराष्ट्र मन्त्रालय, निजी क्षेत्र | निरन्तर | व्यापार र वातावरण सम्बन्धी मुद्दाहरूमा अन्तर्राष्ट्रिय निकायहरूसँग नियमित समन्वय र सहकार्य भएको हुने। |

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ६१ | व्यापार व्यवसायमा महिलाक क्षमता अभिवृद्धि गरी सहभागिता बढाउने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय, निजी क्षेत्र | निरन्तर | व्यापार व्यवसायमा महिलाको सहभागीता वृद्धि भएको हुने । |
| | **औद्योगिक तथा व्यापारिक पूर्वाधारको विकास र विस्तार गरी उत्पादन तथा व्यापार लागत कम गर्न ।** | | | | |
| ६२ | व्यापारसँग सम्बन्धित सडक पूर्वाधारको वहन क्षमता अभिवृद्धि गर्ने। | पूर्वाधार विकास मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, | निरन्तर | सडक पूर्वाधारको वहन क्षमता अभिवृद्धि भएको हुने। |
| ६३ | रेलमार्ग, जलमार्ग, हवाई यातायातको विकास गरी अधिकतम् उपयोग गर्ने। | पूर्वाधार विकास मन्त्रालय | अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, परराष्ट्र मन्त्रालय | निरन्तर | व्यापारसँग सम्बन्धित यातायात पूर्वाधारको विकास तथा अधिकतम उपयोग भएको हुने। |
| ६४ | सार्वजनिक निजी साझेदारीमा वस्तुको सङ्कलन, भण्डारण, ढुवानी, प्रशोधनलगायतका पूर्वाधारको व्यवस्था गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय, निजी क्षेत्र | अर्थ मन्त्रालय | निरन्तर | वस्तुको सङ्कलन, भण्डारण, ढुवानी, प्रशोधन लगायतका पूर्वाधारको व्यवस्था भएको हुने। |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ६५ | विशेष आर्थिक क्षेत्र, सुख्खा बन्दरगाह, औद्योगिक क्षेत्र र औद्योगिक ग्रामलाई पुर्ण क्षमतामा सञ्चालन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | विशेष आर्थिक क्षेत्र प्राधिकरण, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र | २०८५ | औद्योगिक तथा व्यापारिक पूर्वाधारहरू विकास र पूर्ण क्षमतामा सञ्चालन भएको हुने। |
| ६६ | अन्तराष्ट्रियस्तरको आधुनिक र सुविधा सम्पन्न अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र स्थापना गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | निजी क्षेत्र | निरन्तर | अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र स्थापना र सञ्चालन भएका हुने। |
| ६७ | विद्यमान गोदाम तथा शीत् भण्डारलाई पूर्ण क्षमतामा सञ्चालन गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय, निजी क्षेत्र | २०८३ | विद्यमान गोदाम तथा शीत् भण्डारलाई पूर्ण क्षमतामा सञ्चालन भएको हुने। |
| ६८ | उद्योग स्थापना गर्दा सडक, विद्युत तथा खानेपानी सेवामा प्रदान गरिँदै आएको सहयोग तथा प्रोत्साहनलाई निरन्तरता दिने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अर्थ मन्त्रालय | पूर्वाधार विकास मन्त्रालय, उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | निरन्तर | उद्योग स्थापना गर्दा आवश्यक सहयोग तथा प्रोत्साहनलाई निरन्तरता दिएको हुने। |
| ६९ | प्रमुख बन्दरगाहबाट रेल तथा सडक मार्ग हुँदै नेपाल भित्रिने कार्गोमा विद्युतीय कार्गो ट्र्याकिङ प्रणाली पुर्ण रूपमा कार्यान्वयनमा ल्याउने। | अर्थ मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०८३ | विद्युतीय कार्गो ट्र्याकिङ प्रणाली पूर्ण रूपमा कार्यान्वयन भएको हुने। |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ७० | पारवाहन सेवालाई प्रभावकारी बनाउन सीमावर्ती भन्सार नाकामा गोदाम सुविधा, ढुवानी र क्लियरिङ तथा फरवार्डिङ सेवा विस्तार गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय | निरन्तर | पारवाहन सेवा प्रभावकारी भएको हुने। |
| ७१ | अन्तराष्ट्रिय व्यापारको लागत कम गर्न वैकल्पिक पारवाहन मार्ग थप गर्ने गरी नेपाल भारतबीचको पारवहन सन्धि पुनरावलोकन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय | २०८३ | अन्तराष्ट्रिय व्यापारको लागत कम गर्न वैकल्पिक पारवाहन मार्ग पहिचान भएको हुने। |
| ७२ | चीनसँग सम्पन्न भएको पारवहन ढुवानी सम्झौता तथा प्रोटोकल बमोजिम पारवहन सुविधा उपयोग गर्न सम्बन्धित पक्षसँग वार्ता गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय | २०८३ | पारवाहन सुविधा उपयोग भएको हुने। |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ७३ | निर्यातजन्य वस्तु उत्पादन गर्ने लघु, घरेलु तथा साना उत्पादक र उक्त उत्पादनसँग सम्वन्धित कच्चा पदार्थ सङ्कलन गर्ने सङ्कलककलाई एकै थलोमा संलग्न गराई निजी सरकारी लागत साझेदारीमा देशका विभिन्न भागमा सामूहिक सुविधा केन्द्र निर्माण गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय, | प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र | २०८३ | निजी सरकारी लागत साझेदारीमा देशका विभिन्न भागमा सामुहिक सुविधा केन्द्र निर्माण भएको हुने। |
| | **पारवहन मार्गहरूको विकास तथा विस्तार गरी व्यापारको समय तथा लागत घटाउन ।** | | | | |
| ७४ | नयाँ बन्दरगाह र वैकल्पिक पारवहन मार्गको उपयोग गर्न द्विपक्षीय सन्धि तथा सम्झौता पुनरावलोकन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय | २०८४ | नयाँ बन्दरगाह र वैकल्पिक पारवहन मार्गको उपयोग भएको हुने । |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ७४ | फुलबारी-बंगलाबन्ध मार्गको प्रभावकारी प्रयोग तथा वीरगञ्ज र विराटनगरबाट रेलमार्गमार्फत भारतको राधिकापुर र सिंहावाद नाका हुँदै बङ्गलादेशमा निकासी गर्न नेपाल, भारत र बङ्गलादेशबीच त्रिपक्षीय वार्ता तथा सम्झौता गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | परराष्ट्र मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय | २०८४ | त्रिपक्षीय वार्ता तथा सम्झौता भएको हुने । |
| ७६ | अन्तर्राष्ट्रिय व्यापार र पारवहन लागत घटाउन बन्दरगाहको भौतिक पूर्वाधार सुधार तथा बहुविधिक ढुवानी सुविधाको प्रयोग बढाउने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय | निरन्तर | बन्दरगाहको भौतिक पूर्वाधार सुधार तथा बहुविधिक ढुवानी सुविधाको प्रयोग भएको हुने। |
| ७७ | उच्च व्यापारिक मूल्य तथा न्यून तौल भएका वस्तुहरूको निकासी पैठारीलाई थप प्रतिस्पर्धी बनाउन हवाई कार्गोलाई प्रवर्द्धन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | निरन्तर | निकासी पैठारीलाई थप प्रतिस्पर्धी बनाउन हवाई कार्गो प्रवर्द्धन भएको हुने। |
| ७८ | आन्तरिक तथा अन्तर्देशीय जलमार्गको विकास गर्न साझेदारी तथा समन्वयलाइ तिव्रता दिने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय | अर्थ मन्त्रालय परराष्ट्र मन्त्रालय, | निरन्तर | जलमार्गको विकास गर्न साझेदारी तथा समन्वय भएको हुने। |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

| | | | | | |
|---|---|---|---|---|---|
| | कृषिजन्य, वनजन्य र औद्योगिक वस्तुको निकासी प्रवर्द्धन गर्नका लागि संग्रह (Collection), ग्रेडिंग, गुणस्तर नियमन, आधुनिक प्रयोगशाला, क्वारेन्टाइन, प्रमाणीकरण, प्रत्यायन (Accreditation) लगायतका पूर्वाधार सुदृढीकरण गर्ने । | | | | |
| ७९ | भारत, चीन र अन्य प्रमुख व्यापार साझेदार मुलुकहरूका खाद्य स्वच्छता तथा गुणस्तर नियामक निकायसँगको समन्वयमा सामञ्जस्य हुनेगरी मापदण्ड तर्जुमा गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, परराष्ट्र मन्त्रालय | २०८४ | खाद्य स्वच्छता तथा गुणस्तर मापदण्ड निर्धारण भएको हुने। |
| ८० | नेपालबाट निर्यातहुने वस्तुको गुणस्तर परीक्षण र प्रमाणिकरणलाई अन्तराष्ट्रिय मापदण्ड बमोजिम बनाउन नेपाल गुणस्तर तथा नापतौल विभागको सस्थागत सुदृढिकरण र जनशक्ति विकास गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कृषि, वन तथा पर्यावरण मन्त्रालय | निरन्तर | संस्थागत सुदृढीकरण तथा जनशक्ति विकास भएको हुने। गुणस्तर सम्बन्धी प्रयोगशाला, उपकरण र मानव स्रोतको पर्याप्त उपलब्धता भएको हुने |
| ८१ | गुणस्तर प्रमाणीकरण सम्बन्धी द्विपक्षीय तथा क्षेत्रीय तहमा परस्पर पहिचान सम्झौता (Mutual Recognition Agreement) गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कृषि, वन तथा पर्यावरण मन्त्रालय, परराष्ट्र मन्त्रालय | निरन्तर | द्विपक्षीय तथा क्षेत्रीय तहमा परस्पर पहिचान सम्झौता भएको हुने। |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
